नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति : २०८३/०२/२८

## प्रेस विज्ञप्ति ।

आज जुन ११, २०२६ तदनुसार २०८३ जेठ २८ गतेका दिन Protect Play, Protect Childhood भन्ने मूल नाराका साथ अन्तर्राष्ट्रिय खेल दिवस मनाइएको छ । यस पुनित अवसरमा खेल बालबालिकाको आधारभूत अधिकार हो भन्ने मान्यतालाई आत्मसात गरी बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा सिर्जनात्मक विकास गर्न यस्ता खेलको महत्त्व मनन् गर्नु उपयुक्त हुन्छ । तसर्थ, सबै विद्यालयमा सुरक्षित तथा समावेशी खेलस्थलको व्यवस्था गर्ने, खेलमा आधारित शैक्षिक पाठ्यक्रम निर्माण गर्ने, विद्यालय तथा समुदायमा नियमित खेल तथा मनोरञ्जनात्मक गतिविधिको प्रवर्धन गर्ने कार्यमा सञ्चालन गर्न यो मन्त्रालय सम्वन्धित सबैलाई आह्वान गर्दछ । यस सन्दर्भमा अपाङ्गता भएका तथा विपन्न बालबालिकाकाको खेलमा समान पहुँच सुनिश्चित गर्ने, खेलमार्फत बाल संरक्षण, मानसिक स्वास्थ्य तथा सामाजिक एकताको प्रवर्धन गर्ने र अन्तर्राष्ट्रिय खेल दिवसलाई नेपाल सरकारको क्यालेन्डरमा समावेश गर्ने सम्बन्धमा यस मन्त्रालय प्रतिवद्ध रहेको बेहोरा सबैको जानकारीको लागि अनुरोध छ ।

.........................
सहसचिव एवम् प्रवक्ता
(शिवकुमार सापकोटा)

फोन नं.:
वेबसाइट : www.moest.gov.np